नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# महिला तथा बालबालिका बिभाग

## नेपालगन्ज बाल सुधार गृहको लागि फर्निचर सामग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

## प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०७

यस बिभाग बाट नेपालगन्ज बाल सुधार गृहको लागि आ.व. ०७९/८० मा आवश्यक पर्ने स्वीकृत स्पेशिफिकेसन अनुसारको फर्निचर सामग्री सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले आय कर तथा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट निम्नानुसारका शर्तहरुको अधिनमा रही सिलबन्दी दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना यस बिभागको कार्यालयको सूचना पाटी तथा वेवसाईट www.dwc.gov.npमा पनि हेर्न सकिने छ। विस्तृत जानकारीको लागी बिभागको (खरिद शाखामा) मा सम्पर्क राख्न सकिने छ।

१. दरभाउपत्र फारम रु.१०००।०(फिर्ता नहुने गरी) महिला तथा बालबालिका बिभाग, कार्यालय कोड ३४००१३४०१, राजस्व शिर्षकनं. १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) मा जम्मा गरी १५ औ दिनको कार्यालय समय भित्र महिला तथा बालबालिका विभागबाट खरिद गर्न सकिने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरी १६ औ दिन १२.०० बजे भित्र आफुले दाखिल गर्न चाहेको प्याकेज सिलबन्दी खाममा उल्लेख गरी विभागमा दाखिला गरी सक्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि सिलबन्दी दरभाउपत्र दाताले निवेदन साथ आ.व. २०७८।७९को करचुक्ता प्रमाण पत्र वा कर विवरण दाखिला गरेको प्रमाण फर्म दर्ता प्रमाणपत्र, आ.व.२०७९/८० सम्मको फर्म नविकरण गरिएको कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपिहरु संलग्न राख्नुपर्ने छ।

४. सिलवन्दी दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत वापत तपसिल बमोजिमको रकम को ले नी का गाबहल ललितपुरकोरहेको धरौटी खाता न. ०१८०१०००००२००३००००००१ मा नगद जम्मा गरेको बैंक भौचर वा सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० (नब्बे) दिन म्याद भएको क वर्गको वाणिज्य बैंकद्वारा यस बिभागको नाममा जारी भएको सोही रकम बराबरको बैंक ग्यारेन्टी (विडवण्ड) पेश गर्नु पर्नेछ।

५. सिलबन्दी दरभाउपत्र फारमसाथ सम्बन्धित दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र पेशा सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनु पर्नेछ।

६. पर्न आएका सिलवन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको १६ औं दिन दिनको १:०० बजे विभागमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्ल बाधा पर्ने छैन।

७. दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा परेमा सो पछि क्रमश कार्यालय खुलेको दिनलाई मानिने छ ।

८. बिल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सो को जोड जम्मा रकममा मूल्य अभिवृद्धि कर (VAT) समेत जोडी कुल जम्मा अंक र अक्षर दुवै महलमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ।

९. रित नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने दरभाउपत्रदाताको हस्ताक्षर नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

१०. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बिभागमा सुरक्षित रहनेछ।

११. दरभाउपत्र फाराम खरिद कार्य यस बिभागबाट हुनेछ। दरभाउपत्र दाखिला सम्बन्धी कार्य विभागमा मात्र हुनेछ।

१२. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ। विस्तृत जानकारी लिन चाहेमा यस बिभागमा सम्पर्क राख्न सकिनेछ।

| सूचना नं. | कामको विवरण | लागत अनुमान (मू.अ.कर समेत) | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| 01/079/80/ SUPPLY | फर्निचर सामग्री खरिद | १८,९९,८०५।९४ | ५०,०००।० | १०००।० |